# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, भदौ १ गते २०५५ साल (अतिरिक्ताङ्क ३१

## भाग ३

श्री ५ को सरकार

### शिक्षा मन्त्रालयको सूचना

छात्रवृत्ति (तेस्रो संशोधन) नियमावली, २०५५

छात्रवृत्ति नियमावली, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "छात्रवृत्ति (तेस्रो संशोधन) नियमावली, २०५५" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. छात्रवृत्ति नियमावली, २०२६ को नियम ८क. मा संशोधन : छात्रवृत्ति नियमावली, २०२६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ८क. को सट्टा देहायको नियम ८क. राखिएको छ:–

"८क. लिखित परीक्षाको अङ्क: नियम ८ बमोजिमको पूर्णाङ्कमध्ये साठी अङ्क लिखित परीक्षाको लागि राखी मुख्य विषयहरूको लिखित परीक्षा लिइनेछ र लिखित परीक्षामा साठी प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने परीक्षार्थीहरूलाई मात्र अन्तरवार्तामा समावेश गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम १० मा संशोधन: मूल नियमावलीको नियम १० को,–

(१) पहिलो प्रकरणमा रहेका "पचास अङ्क" भन्ने शब्दहरूको सट्टा "तीस अङ्क" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (क) मा रहेका "पचास अङ्क" भन्ने शब्दहरूको सट्टा "तीस अङ्क" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (ख), (ग) र (घ) मा रहेका "चालीस अङ्क" भन्ने शब्दहरूको सट्टा "बीस अङ्क" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीको नियम १०क. मा संशोधन: मूल नियमावलीको नियम १० क. को सट्टा देहायको नियम १०क. राखिएको छ:–

"१०क. अङ्क कायम राखिने: यस नियमावलीबमोजिम लिइएको लिखित परीक्षा र अन्तरवार्ता समेतबाट उत्तीर्ण भएका परीक्षार्थीहरूले प्राप्त गरेको अङ्क त्यस्ता परीक्षार्थीहरूको योग्यताक्रम प्रकाशित भएको मितिले छ महिना-सम्म कायम राखिनेछ ।"

५. मूल नियमावलीको नियम १०ख. मा संशोधन: मूल नियमावलीको नियम १०ख. मा रहेका "नियम ८ को उपनियम (१) बमोजिम" भन्ने शब्दहरूको सट्टा "यस नियमावली बमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
खेमराज रेग्मी
श्री ५ को सरकारको सचिव

३९०



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।